# निजगढ नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नगरसभामा प्रस्तुत

## बार्षिक नीति ,कार्यक्रम र वजेट

निजगढ नगरपालिका
निजगढ, बारा
मधेश प्रदेश, नेपाल
२०८० असार, ९

निजगढ नगरपालिका

# आ.ब. २०८०।०८१ को नीति तथा कार्यक्रम एवं बजेट वक्तव्य

०९ असार, २०८०

नगर सभाका आदरणीय अध्यक्ष महोदय, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, संचारकर्मी मित्रहरु लगायत सवैमा मेरो हार्दिक अभिवादन व्यक्त गर्दछु ।

१. निजगढ नगर नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वाहौ नगरसभाको यस गरिमामय सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरिरहंदा म गौरवान्वित भएको छु । विभिन्न राजनैतिक आरोह अवरोह पार गरेर अहिले हामी समृद्धि र समुन्नतिको यात्रामा अगाडि वढिरहेका छौ । राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता, सम्वृद्धि, संघीय शासन प्रणाली स्थापित गर्न, मुलकमा जनताको सत्ता ल्याउनका लागि विभिन्न समयमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने विर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु ।यस महत्वपूर्ण अवसरमा, देशमा भएका विभिन्न आन्दोलनमा निरन्तर लागिरहने योद्धाहरुप्रति सम्मानका साथै मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक सवलिकरणका लागि नेतृत्वदायी भुमिका खेल्नुहुने राजनैतिक शिखर व्यक्तित्व, अग्रज नेताहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

२. आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरी "**हाम्रो निजगढ, हाम्रो शान स्मार्ट सिटि निर्माण हाम्रो अभियान**" सुचकहरु पुरा गरी "**समृद्ध निजगढ, नगर सुखी नगरवासी**" वनाउने लक्ष्य सहित समृद्ध, समतामुलक, स्वच्छ हराभरा र विकसित नगरपालिकाको भावी तस्विरलाइ सामुन्नेमा राखेको छ्र । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभुति सवै नगरवासीले गर्न सकुन भन्नेमा हामीहरु अत्यन्त सचेत छौ । नगरको भौगोलिक सामाजिक आर्थिक तथा सामाजिक सास्कृतिक विविधतालाइ आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि वढ्न स्थानीय सरकारको रुपमा दृढताको साथमा लागेको कुरा समेत अवगत गराउन चाहन्छु । "**जनप्रतिनीधिहरु शासक होइनन जनताका सेवक**" हुन भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी सम्यन्त्रवाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाइ हामीले आफ्नो मार्गदर्शक सिद्धान्तको रुपमा ग्रहण गरेका छौ ।

३. राज्यको शासकीय स्वरुप तीन तहमा पूर्नसंरचना गरी तीन तहका सरकारले सहशासन र स्वशासनको अवधारणा अनुसार स्रोत साधनको प्रवन्ध गरी विकासका कार्यक्रमहरु अगाडी



सुरथ पुरी
नगर प्रमुख

बढिरहेका छन् । स्थानीय सरकारका वजेटका श्रोतहरु मुलत संघीय सरकारवाट प्राप्त समानिकरण अनुदान तथा राजश्व बाँडफाँडवाट प्राप्त रकम, सशर्त रकम, समपुरक तथा विशेष अनुदान रकम र प्रादेशिक सरकारवाट प्राप्त यस्तै प्रकृतिको रकम हाम्रो स्थानीय संचित कोषको प्रमुख आधार हो । आफ्नै स्रोतको राजश्व र गैर कर राजश्वको हिस्सा हाम्रो वजेटमा न्युन रहेको छ । स्थानीय राजश्व प्राप्ति र परिचालनको हिस्सा कम रहेको र सशर्त अनुदानको हिस्सा वढी भएको अवस्थामा स्थानीय विशिष्ठ समस्याहरु समाधान गर्न कठिन रहेको परिपेक्षमा आगामी आ.व. मा सवै क्षेत्रमा समुचित एवं समन्यायीक हिसावले सम्वोधन गर्ने गरी वजेट तथा कार्यक्रमको तयारी गरिएको अवगत गराउदछु।

**नगरसभाका आदरणीय अध्यक्ष महोदय ,**
**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

अव म निजगढ नगरपालिकाले आ.ब. २०८०।०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु नगरसभा समक्ष प्रस्तुत गर्दछु :

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य स्थानीय तहमा संचालन सम्बन्धी ऐन र नियमावलीका प्रावधानहरु,
- नेपाल सरकारको पन्धौ योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- प्रदेश सरकारको नीति तथा कार्यकम
- नेपालको संविधानमा व्यवस्था भएको स्थानीय आर्थिक कार्य प्रणाली एवम एकल तथा साझा अधिकार सूचि,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिबद्धताहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामायिक मुद्धाहरु : सहस्राव्दी विकास लक्ष्य, दिगो विकास सम्बन्धि नीति, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्ति करण तथा समावेशी विकास,
- वाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा सरसफाई,पूर्ण उर्जा संकट लगायतका अन्य सम्बन्धित बिषयहरु,

- निजगढ नगरपालिकाले प्राथमिकतामा राखेका विषयहरु,
- विगतमा आर्थिक बर्षमा नगरपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु
- नगरपालिकाद्धारा आयोजना गरिएको आवधिक निर्माणको कममा आएका सुझावहरु
- विभिन्न राजनितीक दलहरु, संघ सस्थाका प्रतिनिधीहरु, नगरबासी सम्पूर्ण दाजुभाई तथा दिदीबहिनी का सल्लाह सुझावहरु,

नगरसभाका आदरणीय अध्यक्ष महोदय,
**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

निजगढ नगरपालिकाको **नीति तथा कार्यक्रम तर्जुमामा "समृद्ध निजगढ नगर, सुखी नगरबासी"** को लक्ष्य प्राप्तीका लागि तपसिल वमोजिमको प्राथमिकताको क्षेत्र निर्धारण गरिएको छ ।

- नगरबासीको मौलिक हकको रुपमा रहेका न्युनतम आधारभूत आबश्यकताको परिपूर्ती गर्ने ।
- स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी , सिचाई लगायतका क्षेत्रहरुलाइ विकासको अवस्थालाई मध्यनजर गर्दै तत तत क्षेत्रको विकासमा योगदान पुऱ्याउने ।
- सिमित स्रोत साधनको बाबजुत पनि भौतिक एवम सामाजिक बिकासको पूर्वधार बिकास गरी समृद्ध नगर निर्माण गर्ने ,
- मानव विकासका सम्भाव्यताको खोजि गर्दै रोजगारी सिर्जना गरी गरिबि निवारणमा सहयोग गर्ने , यूवाको सर्वाङ्गिण विकास गर्दै स्वरोजगारी बृद्धि गर्ने ,
- कृषि कार्यलाई आधुनिकिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा खाद्यान्नमा आत्मनिर्भर र कृषिलाई व्यावसायिकरण गर्ने,
- निजगढ नगरलाई मधेश प्रदेशकै एक पर्यटकिय गन्तब्यको रुपमा विकास गर्ने,
- शैक्षिक गतिविधिलाई युग सुहाउदो प्रविधिमैत्री वनाउदै प्रदेशको शैक्षिक हवको रुपमा विकास गराउने ।

सत्य पुरी
नगर प्रमुख

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

नगरसभाका आदरणीय सदस्य ज्यूहरु ,

अब म निजगढ नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. निजगढ नगरवासीहरुलाई स्वस्थ तथा निरोगी तुल्याउन योग,ध्यान,आहार, विहार तथा विचारको पद्धतिवाट उपचारको लागि आवश्यक कार्यको थालनी गरिने छ ।

२. निजगढ नगरपालिका वडा नं ९ स्थीत प्राथमिक स्वास्थ केन्द्रमा २४ सै घण्टा इमरजेन्सि सेवा संचालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

३. निजगढ नगरपालिका अन्तरगत रहेका उपयुक्त स्वास्थ्य संस्थावाट फिजियोथेरापी सेवा उपलव्ध गराउन आवश्यक कार्य गरिनेछ ।

४. नगरवासीको आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारलाई सुनिश्चित गर्दै सवै नगरवासीहरुमा गुणस्तरीय आधारभुत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिनेछ।

५. स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन गर्न स्वास्थ्य बीमा गर्ने नगरवासीहरुलाई आ.व. २०८०/८१ मा स्वास्थ्य बीमाको प्रिमियम शुल्कमा अति विपन्न, सीमान्तकृत समुदाय, दलित, अल्पसंख्यक, लोपोन्मुख वर्गलाई विशेष अनुदान उपलब्ध गराइनेछ । साथै बीमावाट उपलब्ध हुने सेवालाई आवश्यकता अनुसार थप विस्तार गरिने छ ।

६. निजगढ नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गरिनेछ। निजगढ प्राथमिक स्वास्थ्य केन्द्रलाई थप साधन सम्पन्न गरी क्षमता विस्तार गरिनेछ । निजगढ नगरपालिकामा भेन्टिलेटर सहितको आईसियू स्थापनाको लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

७. गाउँघर क्लिनिक लाई प्रभावकारी बनाउन पुन: व्यवस्थापन गरी त्यहाँवाट सम्पादन हुने काम कारवाहीलाइ प्रभावकारी बनाउन आवश्यक व्यवस्थापकीय कार्य गरिने छ । (त्यहाँबाट जेष्ठ नागरिकको स्वास्थ्य परिक्षण, दिर्घरोगी, अशक्त, रोगी लगायतका रोगीहरुको स्वास्थ्य अवस्थाको जानकारी लिइ नियमित चेकजाँच गर्न व्यवस्था गर्ने) विशेषज्ञ डाक्टरको सेवालाई विस्तार गरी प्रभावकारी रुपमा संचालन गर्ने ।

८. आवश्यकता अनुसार शैक्षिक संस्था लगायतका स्थानमा जनस्वास्थ्य सम्वन्धी जनचेतना कार्यक्रम तथा स्वास्थ्य शिविर संचालन गरिने छ ।

सुरज्य पुरी
नगर प्रमुख

निजगढ नगरपालिका
२०७३

९. निजगढ नगरपालिका क्षेत्र भित्र रहेको सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थामा शिशु जन्माउने सुत्केरी महिलालाई दिँदै आएको संतुलित आहार खर्चको रु. १००० लाइ निरन्तरता दिइने छ ।

१०. सामुदायिक विद्यालयका छात्राहरुका लागि नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यलाई आगामी वर्षमा समेत निरन्तरता दिइनेछ । व्यक्तिगत स्वास्थ्य र सरसफाइका विविध पक्ष बारे किशोरीहरुलाई सुसूचित गर्न स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

११. निजगढ नगरपालिकाको समन्वय र सहयोगमा निजगढ प्राथमिक स्वास्थ्य केन्द्रमा दीर्घ रोगी बिरामीहरुलाई आर्थिक सहुलियत प्रदान गर्न सुपथ मूल्यको औषधि पसल संचालनको थालनी गरिने छ । जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य परीक्षणका लागि आवश्यक व्यवस्था मिलाउनुको साथै किड्नी डायलासिस सेवाका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

१२. निजगढ प्राथिमक स्वास्थ्य केन्द्रमा विशेषज्ञ स्वास्थ्य सेवा उपलव्ध गराउनको लागि आवश्यक व्यवस्थापन गरिने छ ।

१३. प्राकृतिक चिकित्सा पद्धतिको अध्ययन र अनुसन्धान कार्य अगाडि वढाउनुको साथै सम्वन्धित निकायमा स्थापनार्थ समन्वय कायम गरिने छ ।

१४. निजगढ नगरपालिका वडा नं ९ स्थित निर्माणाधिन १५ शैयाको प्राथमिक स्वास्थ्य केन्द्र निजगढ नगर अस्पतालको रुपमा छिटो सम्पन्न गर्न सम्वन्धित निकायमा आवश्यक पहल गरिने छ ।

१५. महिलामा बढ्दो क्रममा रहेको स्तन तथा पाठेघर क्यान्सर जस्ता घातक रोगहरुको नि:शुल्क परीक्षण गर्ने कार्यक्रम अन्तरगत संचालित उपप्रमुख महिला प्रजनन सेवालाई रतनपुरी र निजगढमा निरन्तरता दिदै सो सेवालाइ सिंगौलवाट समेत प्रदान गरी थप विस्तार गरिनेछ । साथै, हेल्लो आमा तथा गर्भवति महिला समूह सम्वन्धी कार्यकमलाइ उपप्रमुख प्रजनन् स्वास्थ्य कार्यक्रमसँग एकिकृत गरी विकेन्द्रित, विस्तार, र संस्थागत गरिने छ ।

१६. प्राणघातक, दिर्घ तथा घातक रोगका बिरामीहरुको उपचारमा आर्थिक विपन्नताको आधारमा विशेष सहयोग उपलब्ध गराइनेछ।

१७. नेपाल सरकारले समेत महत्वाकाक्षिं कार्यक्रमको रुपमा अंगिकार गरी निजगढ नगरपालिकालाइ **"क्षयरोग मुक्त नगरपालिका घोषणा"** अभियानलइ प्रभावकारी रुपमा अगाडि वढाईने छ ।

१८. निजगढ नगरपालिका स्थित स्वास्थ्य सस्थामा करार सेवामा कार्यरत कर्मचारीहरुको मनोवल वृद्धि गर्न हाल उपलब्ध गराइदै आएको सेवा सुविधमा प्रोत्साहित गरिने छ ।



सुरज्य पुरी
नगर प्रमुख

१९. निजगढ नगरपालिका अन्तरगतका महिला स्वंयम सेविकाहरुलाइ प्रदान गरिदै आएको प्रोत्साहन रकमलाइ निरन्तरता दिइने छ ।

२०. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिदै थप व्यवस्थापनको लागि आवश्यक व्यवस्थापकीय कार्य गरिने छ ।

२१. महिला स्वास्थ्य स्वंयम सेविकाहरुका सर्वाङ्गिण विकासको लागि आवश्यक कार्यहरु गरिने छ ।

२२. निजगढमा वन्दै गरेको आँखा अस्पताललाई समयमा नै सम्पन्न गर्नको लागि नगरपालिकाको तर्फबाट गर्नुपर्ने सबै कार्यहरु गरिने छ ।

२३. **"विद्यालय उमेरका बालवालिकालाई विद्यालय ल्याऊ र पढाईमा लगाऔँ"** कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तिमा माध्यमिक तह पुरा गर्ने व्यवस्था मिलाईनेछ।

२४. माध्यामिक विद्यालयहरुमा **गरिखाने शिक्षाको** अवधारणालाइ आगामि आ.व. देखि कार्यान्वयन गर्न **पुस्तक रहित शुक्रवार** कार्यक्रमलाई व्यवहारीक शिक्षाको रुपमा लागु गर्न आवश्यक व्यवस्थापकीय कार्य गरिने छ ।

२५. आधारभूत तहमा निजगढको गौरब, संस्कृति, सभ्यता, मूल्य मान्यता, सडक सुरक्षा र एकताको सम्वर्द्धन एवम् नागरिक कर्तव्यको विषय समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।यसरी स्थानीय पाठ्यक्रम निर्माण गर्दा मातृभाषालाइ समेत आवश्यकता र औचित्यको आधारमा प्राथमिकतामा राखिने छ ।

२६. नगरस्तरीय शैक्षिक सुधार सुझाव कार्यदलको गठन गरी प्राप्त प्रतिवेदनको आधारमा विद्यालय सुधार दरवन्दी मिलान र विद्यालय समायोजन गरीने छ ।

२७. नगरस्तरीय अतिरिक्त क्रियाकलाप (खेलकूद, हाजिरीजवाफ, वक्तृत्वकला, संगीत, साहित्य आदि) सञ्चालन गरिने छ।

२८. सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका सुधारका लागि ई.हाजिरी लगायतका विशेष खालका कार्यक्रमलाई प्राथमिकतामा राखेर अगाडि वढाइने छ ।

२९. अन्तरक्रियात्मक श्रव्य दृश्यको माध्यमवाट सिकाइ सहजीकरण गरी गुणस्तरीय शिक्षा उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।

३०. आधारभूत तहमा कक्षा १—६ सम्मका वालबालिकाहरुलाई प्रदान गरिदै आएको दिवा खाजा कार्यक्रमलाई प्रभावकारी अनुगमन सहित थप व्यवस्थित गरिदै लगिनेछ ।

३१. निजगढलाई गुणस्तरीय शिक्षाको हबको रुपमा विकास गर्न दिर्घकालीन योजना तर्जुमा गरी क्रमश: कार्यान्वयनमा ल्याइने छ ।

३२. नगर भित्रका विद्यालयहरुलाई बालमैत्री विद्यालय बनाउदै लगिनेछ ।

३३. कक्षा ५, ८ र SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

३४. उच्च तथा प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराइनेछ। सोका लागि नगर छात्रवृति कोष स्थापना गरी उचित मापदण्ड बनाई कार्यान्वयनमा ल्याइने छ।

३५. गौरीशंकर क्याम्पसको पठनपाठनलाई गुणस्तरीय एवं समयसापेक्ष बनाउन सो क्याम्पसको भौतिक पूर्वाधारको सुधार गर्दै विद्यार्थीहरुलाई आजको विश्वव्यापीकरणमा प्रतिष्पर्धात्मक वनाउन शिक्षण सिकाई क्रियाकलापलाई सोही अनुरुप आधुनिक एंव गुणस्तरीय वनाउन आवश्यक थप कार्य गरिने छ ।

३६. अति कमजोर भौतिक संरचना भएका विद्यालय हरुको भौतिक पूर्वाधार सुधार गरीदै लगिने छ।

३७. विद्यालयमा शैक्षिक वातावरण निर्माण कार्य अन्तरगत खानेपानी, शौचालय, पुस्तकालय तथा गुनासो सुनवाईको व्यवस्था गरिनेछ ।

३८. विद्यालय तहमा (मा.वि.) सरसफाई,लागु औषध, साइवर क्राइम, ट्राफिक नियम लगायतका व्यवहारीक आधारभुत कानून सम्वन्धमा अतिरिक्त कक्षा संचालन गरिनेछ।

३९. नैतिक तथा चरित्रवान शिक्षामा जोड दिइने छ।

४०. शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि तालिम संचालन गरिने छ ।

४१. सस्थागत विद्यालयहरुले दिनुपर्ने १० प्रतिशत छात्रवृतिलाइ अनुगमन मुल्याकंन गरी व्यवस्थित रुपमा लागु गराउन आवश्यक व्यवस्थापकीय कार्य गरिने छ।

४२. विपन्न, अल्पसंख्यक, दलित वर्गलाइ उच्च शिक्षाको लागि छात्रवृतिको व्यवस्था गरिने छ । SEE पास गर्ने लोपोन्मुख, अल्पसंख्यक सिमान्तकृत समुदायको विद्यार्थीहरुलाइ विशेष प्रोत्साहन गरिने छ।

४३. प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुलाइ सञ्चलन र व्यवस्थापनको लागि विशेष व्यवस्था गरिने छ। साथै थप प्राविधिक शिक्षा सञ्चालनमा प्रोत्साहन गरिने छ।

४४. निजगढ नगरपालिका क्षेत्रभित्र रहेका अति विपन्नता र अभिभावक विहिनताको कारण शिक्षाको उज्यालो किरणवाट वञ्चित वालवालिकाहरुको नगरपालिकाले अभिभावकत्व ग्रहण गरी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ।

४५. अति विपन्न, विपन्न, सिमान्तकृत, लोपोन्मुख विद्यार्थीहरुको वाहुल्यता भएको क्षेत्रमा वालवालिकाहरुको लागि अतिरिक्त कक्षाको व्यवस्था गरिने छ।

४६. प्रविधिमैत्री अनुगमनको प्रक्रियलाइ सुरुवात गरिने छ।

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

**नगरसभाका आदरणीय सदस्य ज्यूहरु ,**

४७. पालिकास्तरमा नगर युवा परिषदको गठन गरी युवाहरुको सर्वाङ्गिण विकास गरिनेछ ।

४८. कुलत मुक्त युवा अभियान कार्यक्रम सञ्चालन गरिने छ ।

४९. युवाहरुको क्षमता अभिवृद्धि तथा नेतृत्व विकास गर्न नमूना युवा सांसद जस्ता कार्यक्रमहरु सञ्चलान गरिने छ ।

५०. युवा उद्यमशिलता कार्यक्रम मार्फत युवाहरुलाइ रोजगारी र उद्यमशिलता कार्यक्रम सञ्चालन गरिने छ ।

५१. कृषि एवं पशुपालन व्यवसायमा संलग्न युवाहरुलाइ विशेष प्रोत्साहन गरिने छ ।

५२. नेपाल सरकारद्वारा भू- उपयोग नीति जारी भए सँगै निजगढ नगरपालिका क्षेत्र भित्रका जग्गालाई कृषि, आवास, औद्योगिक र व्यापारिक लगायतका क्षेत्रको रुपमा वर्गीकरण गरी सोही वमोजिम व्यवस्थित विकास कार्यलाई अघि बढाइनेछ ।

५३. स्थानीय वस्तुको उपभोग गरौ, र उत्पादनलाई प्रोत्साहन गरौ भन्ने अभियान सञ्चालन गरी कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापनालाइ प्रोत्साहित गरिने छ ।

५४. नगर क्षेत्रभित्रका कृषि योग्य बाँझो जग्गाहरुको अधिकतम उपभोग गरी सामूहिक कृषि र चक्लाबन्दीको कार्यहरुलाइ प्रोत्साहित गरिने छ । उन्नत बीऊ, कृषि औजार उपकरण, कृषिमा यान्त्रिकीकरण र साना सिंचाई सहयोग कार्यक्रमलाई अघि बढाइनेछ ।

५५. कुनैपनि खाली जमिनलाई खेर जान नदिन कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीका माध्ययमबाट कृषि उत्पादन गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ ।

५६. सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारा, नदी उकास र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ । निजी तथा बाँझो जग्गामा फलफुल तथा अन्य विरुवा लगाउन कृषकलाई अभिप्रेरित गरिनेछ ।

५७. कृषकहरुलाइ आवश्यक तालिमको संचालन गरि कृषि कार्यलाइ मर्यादित र सम्मानित पेशाको रुपमा विकास गर्न आवश्यक व्यवस्थापकीय कार्य गरिने छ ।

५८. कृषकहरुलाई माटोको गुणस्तर, हावापानी अनुकुल खेती गर्न मल, बिउ र प्राविधिक सेवा उपलब्ध गराउन सम्वन्धित निकायसँग पहल गरिने छ ।

५९. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरी विषादि रहित उत्पादनमा प्रोत्साहन गरिने छ ।

६०. कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियनत्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिने छ ।

६१. दुग्ध उत्पादन गर्ने कृषकललाइ सहकारीमा कृषकले लगेको दुध विक्रि वितरण गरे वापत दिइदै आएको प्रति लिटर १ रुपैंया अनुदानलाई निरन्तरता दिइने छ ।

६२. भूमिहीन सुकुम्वासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीको स्थायीरुपले समस्या समाधानका लागि यस अघि भएका जमिन नापजाँच कार्यलाई अनुमोदन गर्दै आवश्यक बजेट व्यवस्थापन गरी सोको विवरणहरुको कम्प्युटरमा प्रविष्टी भइसकेकोमा AB, BS, BD र अधुरो अपुरो जग्गा सम्वन्धी कार्यविधि अनुसार नै लामो समय देखि भोगचलन गर्दै आएको तर जग्गा धनी प्रमाण पूर्जा नपाएका नगरवासीहरुलाई जग्गा धनी प्रमाण पूर्जा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

६३. भोग र नक्शा तथा क्षेत्रफल नमिलेको जग्गाको हकमा हालसाविक एवं पुनरनापी गराउन सरोकारवालाहरूसँग बृहत छलफल गरी प्रकृया अगाडी बढाईनेछ ।

६४. नगर कार्यपालिकाको कार्यालयमा कृषि तथा पशु सम्बन्धी थप प्राविधिक जनशक्तिको व्यवस्थापन गरी प्राविधिक सेवा सर्वसुलभ बनाइनेछ । नगरमा संचालित पशु सेवा केन्द्रहरुको पूर्वाधार विकासका साथै कृषि सेवा केन्द्रको स्थापना गरिनेछ । साथै, माटो परिक्षण कार्यलाइ निरन्तरता दिइने छ ।

६५. वाली विमालाइ विशेष प्राथमिकतामा राखी सम्वन्धित निकायसँग सार्थक पहल गरिने छ ।

६६. निजगढ नगरपालिकाको सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्याउन हाल संचालनमा रहेका सिंचाई आयोजनाहरुको मर्मत संभार तथा स्तरोन्ति गरी सोलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन आवश्यक कार्यक्रम वनाइने छ । सिचाइका ठुला आयोजनाका लागि संघ र प्रदेशसँग पहल गरिने छ ।

६७. कृषि उत्पादनको भण्डारण र बिक्री केन्द्रको विकास गर्ने सीतभण्डार निर्माणका लागि प्रदेश सरकार एवं संघीय सरकार सँग समन्वय गरिनेछ।

६८. हालसम्म भूमिगत र सतह सिचाई नपुगेको स्थानमा पोखरी एवं भूमिगत सिंचाई आयोजना संचालन गरी सिंचाई सुविधा उपलब्ध गराउने नीति लिइने छ ।

६९. आधुनिक एवं व्यवसायिक कृषिमा संलग्न कृषि तथा पशुपालन फर्मका लागि विशेक्ष ढंगले प्रोत्साहित गरिने छ ।निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायमुखी खेती प्रणालीमा रुपान्तरण गर्न कृषकहरुलाई कृषि सामाग्री एवं उपकरणहरु प्रयोगमा जोड दिइने छ।

७०. पशु बीमाका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

७१. निजगढ नगरपालिका भित्र व्यवसायीक केरा खेतीमा संलग्न कृषकहरुलाई सो खेतीमा प्रोत्साहित गर्नको लागि केरा विमा कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै कागति मेवा ड्रयागन फ्रुट खेतीका लागि प्रोत्साहित गरिने छ ।

७२. पशुपालन तर्फ व्यवसायिक फर्म प्रोत्साहन, साना पशुपालक कृषकहरुलाई गोठ सुधार, भकारो सुधार तथा खोर सुधार कार्यक्रममा एकल महिला, दलित समुदाय, गरिव तथा असहाय समुदायलाई प्रोत्साहन गरिनेछ ।

७३. पशु स्वास्थ्य कार्यकर्ताहरुको क्षमता अभिवृद्धिका साथै पशु सेवा केन्द्रको स्तरोन्नति गरी उपचार सेवा तथा औषधिको व्यवस्थापनलाई सर्वसुलभ बनाइनेछ ।

७४. निःशुल्क पशु कृत्रिम गर्भाधान कार्यक्रम, पोसिलो घाँस उत्पादन कार्यक्रम, साइलेज उत्पादन कार्यक्रम, आकस्मिक तथा संक्रामक रोग नियन्त्रण कार्यक्रमलाइ निरन्तरता दिइने छ । युवा लक्षित पशुपालन प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । कृत्रिम गर्भाधानमा गुणस्तरिय सिमोन प्रयोगमा ल्याउन पहल गरिने छ

७५. गाइ, भैसी पकेट क्षेत्रको कार्यक्रमलाइ थप प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

७६. हाल पशुस्वास्थ्य सँग सम्वन्धित रहेर देखा परेका विभिन्न महामारी रोगहरुको समयमै निदान गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ । साथै, कृषि, पशुपालन, मौरी पालन व्यवसायको प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

७७. कृषिजन्य एंव. दुग्धजन्य उद्योगको स्थापना र सञ्चालनको लागि नीजि तथा सहकारी क्षेत्रसँगको साझेदारीमा गुणास्तरीय उत्पादन एंव वजारीकरणको लागि आवश्यक पहल गरिने छ ।

७८. पशु स्वास्थ्य शिविर कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

७९. पशु सेवालाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्वन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।

८०. सिचाइ नपुगेंको जमिनको तथ्याङ्क संकलन गरी सुख्खा क्षेत्र घोषणा गरी फलफुल लगायत कम सिचाइ आवश्यक पर्ने वाली लागाउन प्रोत्साहित गरिने छ ।

८१. निजगढ खसी,बाख्रा वजारलाइ व्यवस्थित गरिदै लगिने छ ।

८२. अव्यवस्थित रुपमा संचालनमा रहेका बधशालालाइ आवश्यक बजेट विनियोजन गरी उपयुक्त स्थानमा स्थानान्तरण गर्दै व्यवस्थापन गरिने छ ।

८३. निजगढ नगरपालिका स्थित उत्पादित फलफुल र तरकारीहरुको संकलन गर्न कृषि संकलन केन्द्रको स्थापना गरी ढुवानी र वजारीकरणको व्यवस्थापनको लागि निजी र सहकारी क्षेत्रसँग सहकार्य गरिने छ ।

८४. व्यवसायिक कृषि र पशुपालनलाइ प्रोत्साहित गर्न बैंक / सहकारी तथा अन्य वित्तीय सस्थाहरवाट कर्जा प्रवाहको लागि आवश्यक समन्वय गरिने छ ।

८५. निजगढ नगरपालिकालाइ दुधमा आत्मनिर्भर भएको घोषणा गर्दै **"मिल्क सिटि"** निर्माण गर्ने प्रक्रियाको थालनि गरिने छ ।

८६. माछापालन र मौरिपालन व्यवसायलाई प्रोत्साहित गरिने छ ।

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

नगरसभाका आदरणीय सदस्य ज्यूहरु ,

८७. निजगढ नगरपालिका वडा नं ४ देखि ९ सम्मको क्षेत्रमा **"वृहत खानेपानी तथा सरसफाई आयोजना"** लागु गर्नको लागि निजगढ नगरपालिकाको तर्फवाट आवश्यक सवै किसिमको भूमिका निर्वाह गरिने छ ।

८८. सबै नगरवासीहरुको स्वच्छ खानेपानीको हकलाई सुनिश्चितता गर्न स्वच्छ खानेपानी उपलब्ध गराउनको लागि आवश्यक पहल गरिने छ । साथै, पुरानो खानेपानीको संरचनामा सुधार ल्याइनेछ ।निजगढ नगरक्षेत्रभित्र खानेपानी अभाव भएका क्षेत्रहरुमा यथासिघ्र खानेपानी पुर्याउन आवश्यक सम्पूर्ण कार्य गरिने छ ।

८९. निजगढ नगरपालिका भित्र निर्माणाधीन खानेपानी आयोजनाहरुलाइ समयमै सम्पन्न गर्न सम्वन्धित निकायमा आवश्यक सम्वन्वय र सार्थक पहल गरिने छ ।

९०. निजगढ नगरपालिकाको विभिन्न वडाहरुमा निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुलाइ व्यवस्थित रुपमा संचालन गर्नको लागि वनेका खानेपानी उपभोक्ता समितिहरुलाइ अद्यावधिक र एकिकृत को लागि आवश्यक कार्यको थालनी गरिने छ ।

९१. खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पुर्वाधार विकास गरी खानेपानीको आपुर्ति व्यवस्था गरिनेछ । सवै नगरवासीहरुलाई भरपर्दो शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि 'एक घर एक धारा' नीतिको अभियानलाइ निरन्तरता दिइने छ ।

९२. खानेपानी उपभोगमा न्युनतम महशुलमा दिदै आइरहेको सहुलियतलाइ निरन्तरता दिइने छ ।

९३. वर्षादको समयमा खानेपानीमा शुद्धता कायम गर्न विशेष अभियानको रुपमा आवश्यक व्यवस्थापकीय कार्य गरिने छ ।

९४. यस नगरपालिकालाई सरसफाइ र स्वच्छताको क्षेत्रमा नमुना बनाउन खानेपानी गुणस्तर प्रणाली स्थापना र स्वच्छ/सफा समुदाय घोषणा गर्ने नीति अवलम्वन गरिनेछ ।

९५. निजगढ नगरपालिका वडा नं १,२ र ३ मा वृहत खानेपानी तथा सरसफाई आयोजना लागु गर्नको लागि नगरपालिकाको तर्फवाट आवश्यक भूमिका निर्वाह गरिने छ ।

९६. "कर तिरौ असल नागरिकको भूमिका निर्वाह गरौं" भन्ने अभियान सञ्चालन गरी कर प्रशासनलाइ सरल,पारदर्शी, प्रविधिमैत्री बनाई कर दायरा बिस्तार गरिने छ ।

९७. करदाताको तथ्याङ्क संकलन गरी अभिलेख अद्यावधिक गरिनुका साथै समयानुकुल तथा प्रविधिमैत्री बनाई सरोकारवाला निकाय, निजी क्षेत्र लगायतका निकायहरुको भूमिकामा अझ थप विस्तार गरिने छ ।

९८. सम्पूर्ण करदाताको विवरण डिजिटल प्रणालीमा आवद्ध गरी व्यवसाय कर घरबहाल कर सम्पती कर लगायतका करहरु अनलाईन भुक्तानी प्रणाली मार्फत असुल गर्ने तथा दैनिक राजश्व संकलनलाई प्रणालीमा आधारीत बनाई थप व्यवस्थित बनाइने छ ।

९९. नगरपालिकाको आन्तरिक स्रोतसाधनको प्रभावकारी परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास,राजश्व चुहावटलाई न्यूनिकरण र करको दायरा विस्तार गर्न आवश्यक नीति तय गरिने छ ।

१००. नगरपालिका क्षेत्रभित्र रहेका व्यवसायहरुको दर्ता तथा नविकरण पूजीँको आधारमा गरिने छ ।साथै, कृषि पेशामा आबद्ध व्यवसायहरुलाई व्यवसाय दर्ता तथा नविकरणमा तोकिएको दरमा ५० प्रतिशत छुटको व्यवस्था गरिने छ ।

१०१. नगरपालिका क्षेत्रभित्रको घर जग्गा भाडामा लगाए बापत बार्षिक ६ प्रतिशतका दरले घरजग्गा बहाल करको व्यवस्थालाई निरन्तरता दिइने छ ।

१०२. नगरको आन्तरिक आयलाई बृद्धिका लागि निजगढ क्षेत्रभित्र रहेका मोहोरी गणेशमान पार्क, शक्तिश्वर महादेव मन्दिर लगायतका पर्यटकीय तथा धार्मिक स्थलहरुमा प्रभावकारी ढंगले सञ्चालन गरी आन्तरिक तथा वाह्य आकर्षण गर्दै लैजाने छ ।

१०३. नगरपालिकाको आन्तरिक राजश्व बृद्धिमा योगदान गरेबापत योगदानका आधारमा कर्मचारी तथा करदाताहरुलाई पुरस्कृत गरी थप हौसला प्रदान गरिने छ ।

१०४. करदाताहरुको लागि कर शिक्षा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०५. व्यवसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उद्यमशीलता प्रवर्द्धन, आप्रवासन लगायतमा श्रम तथा रोजगार सम्बन्धी सेवा सुविधा एकिकृत रूपमा प्रवर्द्धन गर्न रोजगार सेवा केन्द्रलाई सुदृढिकरण गरिनेछ ।

१०६. रोजगारीको हकलाई मध्यनजर गरी स्थानीय तहको श्रम तथा रोजगारीको क्षेत्र पहिचान गरी वेरोजगारी समस्या सामाधान गर्न स्थानीय रोजगार रणनीति तर्जुमा गरी सरोकारवाला क्षेत्रसँग सहकार्य गरिनेछ ।

१०७. वैदेशिक रोजगारीबाट फर्किएका नगरक्षेत्र भित्रका युवाहरूलाई सीप र क्षमताको स्थानीय स्तरमा नै प्रवर्द्धन गर्न विभिन्न निकायसँग समन्वय गरी आवाश्यक सहजिकरण गरिनेछ ।



सुरथ पुरी
नगर प्रमुख

१०८. नगरपालिका भित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी सो को सूचना प्रवाह गरिनेछ।

१०९. स्थानीय तहमा रहेका दक्ष जनशक्तिहरूको तथ्याङ्क अध्यावधिक गरी उनिहरूको सीपलाई बजारीकरण गर्न skills and Vacancy Bank को अवधारणा अध्ययन गरी कार्यान्वयन गरिनेछ।

११०. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि व्यक्तिगत श्रम तथा पुन श्रम स्वीकृतीका कार्यका साथै विदेशमा अलपत्र भएका, अङ्गभङ्ग भएका लगायत अन्य दुर्घटनामा परेकाहरूलाई स्वदेश फिर्ता गराउन सहजिकरण गर्ने उदेश्यले वैदेशिक रोजगार सहायता कक्ष सञ्चालन गरिनेछ।

१११. दक्ष तथा सक्षम जनशक्तिको विकास गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी तह १, २ र तह ३ सम्मका तालिम सञ्चालन गर्न अन्य निकायसँग पहल तथा लागत साझेदारी गरी रोजगारीमा आवद्ध हुन र स्वरोजगार बन्न अभिप्रेरित गरिनेछ।

११२. लोकसेवा र शिक्षक सेवा आयोगबाट संचालन गरिने परिक्षाहरुको तयारीका लागि आवश्यक बजेट व्ययवस्थापन गरी कक्षाहरु संचालन गरिनेछ।साथै,प्रहरी शिक्षा सेवा, उद्यमि शिक्षालाइ प्रोत्साहित गरिने छ।

११३. नगरका विपन्न र बेरोजगार युवाहरुलाई लक्षित गरी लघु उद्यम कार्यक्रम मार्फत् उद्यमशीलताको विकास गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। हस्तकला सामग्रीहरुको उत्पादन, वितरण तथा प्रदर्शनी लगायत कार्यहरुलाई प्रोत्साहन गरिनेछ।

११४. महिलाहरूलाई आर्थिक रूपमा समृद्ध र आत्मनिर्भर बनाउने उदेश्यले उपप्रमुख महिला उद्यमशिल प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आवश्यक नीति वनाइ कार्यान्वयन गरिनेछ।

११५. AC टेक्निसियन,रेफ्रिजेरेटर टेक्निसियन, प्लम्विङ्ग, यूपिभिसि, आल्मुनियम, फल्स सिलिङ्ग, टाइल्स, मार्वल लगाउने जस्ता तालिमहरुको संचालन गरिने छ।

११६. नगर स्थित सहकारी संस्थाहरु दर्ता अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक नियमावली र कार्यविधि वनाइ व्यवस्थित गरिने छ।

११७. सहकारीको माध्यमवाट स्थानीय स्रोत श्रम, साधान सीप र पूर्जीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिने छ।

११८. स्थानीय सहकारीहरुलाई विधि सम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ्क निमार्ण र अद्यावधिक गरिनेछ।

११९. सहकारीको एक सिद्धान्त समुदायप्रति चासोलाइ पूर्ण रुपमा परिचालन गर्न साझेदारीमा विकासको मोडल तयार गरिने छ।

१२०. गुणस्तरीय सहकारी सेवा प्रवाह गरी शेयर सदस्यहरुलाई रोजगारी र उद्यमी बनाउन रचनात्मक भूमिका खेल्ने सहकारीहरुलाई पुरस्कृत गर्ने कार्यको थालनी गरिने छ ।

१२१. नगर क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको सहयोग र समन्वयमा नगर क्षेत्रमा एक विशिष्टिकृत सहकारी संस्थाको स्थापना गर्न आवश्यक पहल गरिने छ ।

१२२. उत्पादन,रोजगारी, वजारीकरण र उद्यमशीलता सिर्जना गर्ने सहकारी संस्थासँग सहकार्य गरी समग्र विकासमा लाग्न प्रोत्साहित गरिने छ ।

१२३. सहकारी मार्फत वित्तीय सेवाको पहुँच बिस्तारका लागि वित्तीय साक्षरता, सहकारी सदस्य शिक्षा तथा सहकारीको संस्थागत विकासका लागि आवश्यक तालिम कार्यक्रमहरुको संचालन गरिने छ ।

१२४. कृषि उत्पादनमा आधारित सहकारी उद्योगको विकास र बजारीकरणका लागि आवश्यक कार्यक्रम गरिने छ ।

१२५. सहकारीहरु वीचको सम्वन्धलाइ सुधार गर्न आवश्यक कार्य गरिने छ ।

नगर सभाका आदरणीय अध्यक्ष महोदय,

नगरसभाका आदरणीय सदस्य ज्यूहरु ,

१२६. वन तथा वातावरणको शाखा स्थापना गरि सो सँग सम्वन्धित विषयको कर्मचारीको व्यवस्था गरिने छ ।

१२७. सामुदायिक वनको नविकरण नभएका समूहहरुको वन कार्ययोजना नविकरणमा सघाउन आवश्यक कार्य गरिने छ ।

१२८. सामुदायिक वनसँगको सहकार्यमा यस क्षेत्रमा पाइने जडिवुटिहरुको तथ्याङ्क संकलन गर्ने , सम्भावित जडिवुटिको खेती गर्ने नमूना प्लट निर्माण गर्न प्रत्येक सामूदायिक वनमा फलफुल खेती जीवनोपयोगी विशेष जातका नमूना प्लट स्थापना गर्न प्रोत्साहित गरिने छ । हर्रो,वर्रो, अमला, जामुन, वेल जस्ता प्रजातीको संरक्षणमा जोड दिइने छ ।

१२९. चुरेको खालोपाखोमा परिणाममा आधारीत फलफुलका विरुवा रोपेर नमूना प्लट स्थापना गरिने छ ।

१३०. स्थानीय प्राकृतिक स्रोत तथा साधनहरुको संरक्षण, प्रयोग र प्रबर्द्धन गरिनेछ।

१३१. पानीको मुहान सुक्दै जाने तथा पानीको सतह घट्दै जाने समस्याले पर्यावरणीय क्षेत्रमा पार्नसक्ने दिगो संकटलाई मध्यनजर गरी पानीको सतह रिचार्ज गर्न अन्य सरोकारवाला निकायहरु सँग समेत समन्वय गरी विभिन्न स्थानमा संरक्षण पोखरी निर्माण, चेकड्यामहरु निर्माणमा जोड दिइनेछ ।

१३२. सा.व.उ.स.को वार्षिक योजना निर्माणमा सहयोग गरिने छ ।

१३३. सा.व.को माध्यम बाट वन जन्य उत्पादनमा आधारित उद्यम र हरित रोजगारमा सिर्जना गर्न अभिप्रेरित गरिने छ ।

१३४. सामुदायिक वन उपभोक्ता समूहहरु सँग सहकार्य गरी न्यूनिकरण कामहरुमा सहकार्यको वतावरण सृजना गरिनेछ भने पृथ्वीमा बढ्दै गैरहेको तापक्रम वृद्धी बाट मानव जीवनमा पर्नजाने नकारात्मक प्रभाव वाट वँच्न र सहजता सृजना गर्न वतावरण मन्त्रालय/वातावरण विभाग सँग समन्वय गरी स्थानीय अनुकुलन योजना LAPA बनाई कायान्वयन गर्ने योजना बनाईने छ ।

१३५. निजगढ नगरपालिका क्षेत्रभित्रका सामूदायिक वनहरु मध्ये एक उत्कृष्ट सामूदायिक वनलाई पुरस्कृत गरिनेछ ।

१३६. समग्र निजगढको पर्यटनको विकासको लागि नगरस्तरीय पर्यटन गुरुयोजना निर्माण गरिने छ ।

१३७. शहिद हिरालाल पार्कको क्षेत्रलाइ विशेष पर्यटकिय क्षेत्रको रुपमा विकास गर्ने कार्यलाइ निरन्तरता दिदै थप व्यवस्थित वनाउन संघीय सरकार र प्रादेशिक सरकार संग सहकार्य गरिनेछ ।

१३८. निजगढ नगरपालिका वडा नं ४ मा अवस्थित मोहोरी गणेशमान पार्कको संरक्षण सम्वर्द्धन र प्रवर्धन गर्न आवश्यक व्यवस्थापकीय कार्य गरि मधेश प्रदेश कै एक उत्कृष्ट पिकनिक स्पर्टको रुपमा विकास गर्न आवश्यक कार्य गरिने छ त्यसको लागि कार्यक्रम वनाउने छ ।सो कार्यको लागि संघीय सरकार र प्रादेशिक सरकारसँग सहकार्य गरिने छ ।

१३९. निजगढ नगरपालिका वडा नं १ पिपलटारदेखि निजगढ १३ मा रहेको शक्तिखोलाको क्षेत्रसम्म पथमार्गको रुपमा विकास गर्न आवश्यक कार्य गरिने छ ।

१४०. आन्तरिक पर्यटनका लागि मनोरञ्जन पार्क ,वाल पार्क, ज्ञान पार्क, रिसोर्ट आदिको उचित व्यवस्थापन गरिनेछ ।

१४१. विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरी, प्राचीन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिने छ ।

१४२. पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिने छ।

१४३. निजगढमा भित्रिने पर्यटकहरुको लागि नगरभित्र उत्पादित भएका कोसेली लिएर जानका लागि कोशेली घरको निर्माण गर्न आवश्यक व्यवस्थापकीय कार्य गरिने छ ।

१४४. यस नगरपालिका भित्रका जातिगत पर्व, बाजा, संस्कार, भेषभुषा, संस्कृतिको संरक्षणको विषयगत संग्राहलयको निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।

१४५. पर्यटकीय गतिविधिमा सहजता ल्याउन पर्यटकीय गतिविधिलाइ प्रविधिमैत्री वनाउन पर्यटनमा सूचना तथा प्रविधिको उच्चतम प्रयोग गरी ईन्टरनेटको माध्यमबाट सूचना प्राप्त हुने व्यवस्था मिलाईने छ ।

१४६. पर्यटकीय सूचना केन्द्रको स्थापना गरिने छ ।

१४७. निजगढ नगरपालिका वडा नं. ४ स्थित सहिद हिरालाल पार्कको आसपासको क्षेत्रमा विज्ञान पार्क निर्माण कार्यको शुरुवात गरिनेछ। साथै, सोही वडामा निर्माणाधीन कछडिया संग्राहलयको निर्माण कार्यलाई सम्पन्न गर्नुका साथै कछडीया बस्तीमा होमस्टे संचालनमा ल्याइनेछ।

१४८. पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रवन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरिनेछ ।

१४९. निजगढ नगरपालिकामा साहसिक खेल, पैदल यात्रा, साइक्लिङ, जिपलाईन, इको टुरिज्म, होम स्टे तथा स्तरीय होटल, रिसोर्ट तथा रिक्रिएशन सेन्टरहरुको प्रवर्द्धन तथा स्थापनामा जोड दिंदै निजगढ नगरपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरुको संचालन गरिनेछ। आगामी आ.ब. भित्र निजगढ नगरपालिकामा निजी क्षेत्रको सहभागिताम फुड फेस्टिभल तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिनेछ।

१५०. निजगढ नगरपालिकाको बकैया पुलको ड्यामदेखि उत्तरतर्फ बकैया खोलाको किनारैकिनारबाट मोहोरी गणेशमान पार्क र शहीद हिरालाल पार्कसम्म पुग्ने २ वटा सडकको स्तरोन्नति गरी 'पर्यटकीय मार्ग' को रुपमा विकास गरिने छ । सो सडक क्षेत्रको दाँया/बाँयातर्फ पर्ने स्थानहरु (निजगढ ८ को खयरघारी, कछडिया सामुदायिक वनको मजुवा जंगल, निजगढ ४ को कछडिया बस्ति, पर्वतनाथ महादेब मन्दिर, बाघभैरव सामुदायिक वन क्षेत्रमा पर्ने समुहले रोपेर हुर्काएको खयरघारी जंगल, मोहोरी पार्क, निजगढ ४ को दलित तथा माझीबस्ति र शहीद हिरालाल पार्क) मा पर्यटकीय पूर्वाधार तयार पारिने छ ।

१५१. निजगढ नगरपालिकाको मुख्य पर्यटकीय गन्तव्यको रुपमा रहेको निजगढ १३ को डम्बरपुर क्षेत्र, शक्ति खोला झर्ना, शिवशक्तेश्वर मन्दिर, निजगढ १० को पाल्युल साम्तेलिङ गुम्बा र झोलुङ्गे पुल क्षेत्रमा पनि पर्यटनमैत्री पूर्वाधार तयार पारिने छ ।

१५२. निजगढबाट सिंगौल जाने सडकमा पर्ने सुकेपोखरी ताल र सिमलगैरी तालको संरक्षण गरी पर्यटकीय आकर्षणको रुपमा विकास गरिने छ । त्यसैगरी सिगौल क्षेत्रमा रहेको सुखसितल झर्नासम्म पुग्ने सडक र अन्य पूर्वाधार निर्माण गरिने छ ।

१५३. पर्सा राष्ट्रिय निकुञ्जभित्र पर्ने हलखोरिया तालमा विद्यमान पर्यटकीय सम्भावनाको उपयोग गर्न निकुञ्ज कार्यालयसंग सहकार्य गरि निजगढ ११ को रतनपुरबाट तालसम्म पुग्ने पैदल मार्गको निर्माण गरिने छ । साथै, रतनपुरी क्षेत्रमा हाल देखिएको वन्यजन्तुको प्रकोप न्यूनीकरण र नियन्त्रणको लागि रतनपुरीमा आरक्षको घरपालुवा हात्तीसहितको थप सुरक्षा पोष्ट स्थापना गर्न पहल गरिने छ ।

१५४. नगरभित्रका मन्दिर गुम्बा तथा अन्य धार्मिक क्षेत्रको संरक्षण सम्वर्द्धन गर्दै धार्मिक पर्यटनको विकास गरिने छ ।

१५५. निजगढ नगरपालिका वडा नं १० मा अवस्थित शहिद पार्कको संरक्षण सम्वर्द्धन गर्दै पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि आवश्यक कार्य गरिने छ ।

१५६. शक्ति खोलाको ड्यामभन्दा मुनि खाली रहेको जग्गामा बालमैत्री पार्क निर्माण गरीनेछ ।

१५७. नगरवाट आयोजना हुदै आएको सवै प्रकारका खेलकुदहरु (मेयर कप र उपमेयर कप ) पुरुष तथा महिला खेलकुद प्रतयोगितालाई निरन्तरता दिईने छ ।

१५८. निजगढ नगरपालिकामा खेलकूदको विकासका लागि नगर खेलकूद विकास समिति गठन गरिनेछ। साथै, सोही समिति मार्फत विभिन्न खेलकूदका कार्यक्रमहरु व्यवस्थित ढंगले संचालन गरिनेछ।

१५९. युवाहरुलाई खेलक्षेत्र तर्फ आकर्षित गर्दै विकृति विसंगतिमुक्त समाज निर्माण गर्न, खेलकूद क्षेत्रको समुचित विकास गर्न खेल मैदान तथा उद्यानहरुको पूर्वाधार विकासमा जोड दिइनेछ । लागू पदार्थ विरुद्धको अभियान लगायत युवाहरुको सकारात्मक परिचालनका लागि युवा क्लवहरुको गठन, क्षमता विकासमा विशेष जोड दिइनेछ ।

१६०. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, फुटवल प्रतियोगिता, शहिद स्मृति राष्ट्रिय फुटवल प्रतियोगिता सहित खेलकुद प्रतियोगिता आयोजनामा सहकार्य तथा खेलाडी सम्मान एवं पुरस्कार वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६१. शहिद हिरालाल रंगशाला र निजगढ ४ कछडियाटोलको खेलमैदानलाइलाइ राष्ट्रिय स्तरको रंगशाला तथा खेलकूद प्रशिक्षण केन्द्रको निर्माण कार्य अघि बढाइनेछ ।

१६२. नगरपालिकाका सबै वडाहरुमा रहेका खेलकूद मैदानलाई व्यवस्थित गर्दै लगिनेछ।

१६३. युवाहरुलाई दुर्व्यसनमा फस्न नदिन एवं लागू औषधलाई निरुत्साहित गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

१६४. खयरघारीमा अवस्थित खेलमैदानलाई क्रिकेट खेलमैदानको रुपमा विकास गरी क्रिकेट खेलको समग्र विकासमा जोड दिईने छ ।

१६५. निजगढ नगरपालिकाको सम्पूर्ण वस्तुस्थिति झल्किने डिजिटल नगर पार्श्वचित्र (City Profile) निर्माण गर्ने कार्य पूरा गरी यस नगरपालिकाबाट प्रदान गरिने सेवा,



सूरथ पुरी
नगर प्रमुख

कार्यान्वयन गर्नुपर्ने विकास योजनाहरु तथा प्राथमिकता दिनुपर्ने क्षेत्रलाई बोधगम्य, दिगो विकासमैत्री र वस्तुगत बनाइनेछ ।

१६६. सामाजिक सुरक्षा र व्यक्तिगत घटना सम्बन्धी कार्यको प्रभावकारिता अभिवृद्धि तथा अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित गर्न सेवा प्रदायक संस्था मार्फत् घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर र पूर्ण घटनादर्ता सुनिश्चित गर्न Post Registration Camp सञ्चालन गरिनेछ ।

१६७. नगरवासीहरुको नागरिक अधिकारलाई मध्यनजर गरी वेवसाईट तथा मोवाईल एप्सको माध्यमबाट सेवा तथा सूचना लिन सक्ने व्यवस्था मिलाइनेछ ।

१६८. निजगढ नगरपालिकामा विद्युतीय सुशासन अभिवृद्धि गर्दै नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज एवं समयबद्ध बनाईने छ ।

१६९. निजगढ नगरपालिकाको संगठन संरचनालाई कार्यबोझ र आवश्यकता बमोजिम पुनरावलोकन गरी सबै तहका कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकास, सामयिक बढुवामा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी, सक्षम र उत्प्रेरित बनाइनेछ ।

१७०. यस नगरपालिकामा कार्यरत राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमा काम सम्पन्न गरी उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने संस्कृतिको विकास गर्न कार्य सम्पादन खराब भएका कर्मचारी बाहेकका नगर कार्यपालिकाको कार्यालय, निजगढ तथा मातहतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई कार्यबोझ र कार्यप्रकृतिको आधारमा प्रोत्साहित गरिने छ । यसरी प्रोत्साहन सुविधा उपलब्ध गराउँदा अन्य स्थानीय तहहरुले उपलब्ध गराएको प्रोत्साहन सुविधा मापदण्ड समेतलाई आधारको रुपमा लिइनेछ ।

१७१. कार्यालयमा गुणस्तरीय कार्य वातावरणको निर्माण गरी कर्मचारीहरुमा उत्प्रेरणा तथा मनोबल अभिवृद्धि गरिनुका साथै कर्मचारीहरुको क्षमता तथा सीप विकासका लागि पर्याप्त बजेटको व्यवस्थापन गरी विभिन्न तालीम, प्रशिक्षण तथा अवलोकन भ्रमण कार्यक्रमहरु संचालन गरिनेछ।

१७२. स्मार्ट सिटी, स्मार्ट कार्यालय अवधारणा अन्तर्गत नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयलाई यथासंभव प्रविधिमैत्री, सेवाग्राहीमैत्री तथा लैंगिकमैत्री

बनाउँदै लगिनेछ। कार्यालयहरुमा स्मार्ट व्यवस्थापन तथा अललाइन सेवाहरु संचालनमा ल्याई जवाफदेहिता तथा सुशासनको प्रबर्द्धन गरिनेछ।

१७३. नेपालको संविधानले प्रत्याभूत गरेको सूचनाको हकलाई संरक्षण गर्दै पारदर्शी कार्यप्रणाली तथा कार्य संस्कृतिको अवलम्बन गरिनेछ । कार्यालय संचालनमा यथासंभव मितव्ययिता अपनाई आर्थिक अनुशासन् कायम गरिनेछ।

१७४. जनतालाई घरदैलोमा नै सेवा दिन घुम्ती सेवा संचालन गर्नुका साथै सार्वजनिक सुनवाइ कार्यक्रमहरु संचालन गरी जनताहरुको गुनासो सुन्ने र सोको सम्बोधन गर्ने कार्य अघि बढाइनेछ।

१७५. आगामी आर्थिक वर्षमा निजगढ नगरपालिकामा जि.आई.एस (GIS) मा आधारित मेट्रिक ठेगाना प्रणाली लागू गरी कार्यान्वयन गर्ने कार्यलाई सम्पन्न गरिनेछ। सोको लागि आवश्यक बजेटको व्यवस्थापन समेत गरिनेछ।

१७६. निजगढ नगरंपालिकाको घरनक्सा प्रणालीलाई सरलीकृत गर्दै विना झंझट समयमा नै सेवाग्राहीले पारदर्शीरुपमा घर नक्सा सम्बन्धी सेवाहरु प्राप्त गर्न आगामी आ.ब. देखि यस नगरपालिकामा विद्युतीय घर नक्सा प्रणाली (Electronic Building Permit System) लाई क्रमिक् रुपमा कार्यान्वयन गर्दै लगिने छ ।

१७७. आगामी आर्थिक वर्षभित्र कानून बमोजिम स्थापना भएका विभिन्न कोषहरुको सञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७८. विगत वर्षहरुदेखि जिम्मेवारी सर्दै आएका पेश्की बेरुजु लगायत अन्य बेरुजुहरुको अद्यावधिक जानकारी तथा अभिलेखीकरण गरी पेश्की तथा बेरुजै फछ्र्यौट कार्यलाई तीव्रता दिइनेछ ।

१७९. वडा कार्यालयमा करार सेवामा कार्यरत कार्यालय सहयोगीहरुको तलव सुविधा समायोजन गरिने छ ।

१८०. कार्यपालिकावाट अनुमोदनको लागि प्राप्त भएका कार्यविधिहरु स्वीकृत गरी कार्यालय सञ्लानलाइ थप व्यवस्थित र प्रभावकारी वनाउन आवश्यक व्यवस्थापकीय कार्यहरु गरिने छ ।

**नगरसभाका आदरणीय अध्यक्ष महोदय,**

नगरसभाका आदरणीय सदस्य ज्यूहरु ,

१८१. महिला सशक्तिकरण, समावेशीकरण र मूलप्रवाहीकरणका लागि नगरपालिकाभित्र रहेका विभिन्न संघ संस्थाहरुको सामाजिक परिचालनलाई थप प्रभावकारी बनाउँदै

महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरण एवं लैंगिक समानता अभिवृद्धि गर्नको लागि वडा र नगरस्तरमा जागरणका लागि महिला सञ्जाल गठन गरिनेछ ।

१८२. बालमैत्री स्थानीय शासन अवधारणाको अवलम्बनका साथै कार्यान्वयन गर्दै निजगढ नगरपालिकामा बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन गर्ने नीति अवलम्बन गरिनेछ । नगर कार्यपालिका कार्यालयमा बालमैत्री पूर्वाधारहरुको निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ । साथै, तोकिएका सम्पूर्ण सूचकहरु पूरा गरी निजगढ नगरपालिकालाई यथाशीघ्र बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक हुने समग्र पक्षको व्यवस्थापन गरिनेछ ।

१८३. नगरपालिकाभित्र निर्माण हुने सार्वजनिक भौतिक संरचनालाई महिलामैत्री, बालमैत्री, अपांगमैत्री एवं ज्येष्ठ नागरिकमैत्री बनाउने कार्यलाइ जोड दिइने छ ।

१८४. ज्येष्ठ नागरिकहरुमा भएको ज्ञान, सीप, अनुभव आदानप्रदानका लागि कार्यक्रम सञ्चालन गरिनेछ । बालगृह लगायत अन्यत्र संस्थामा रहेका परिवारमा पुनर्स्थापना गर्न सकिने व्यक्तिहरुलाई क्रमशः पुनर्स्थापना गर्दै यस्ता संस्थाहरुको संख्या घटाउँदै जाने नीति अवलम्बन गरिनेछ ।

१८५. महिला हिंसाको अन्त्य गर्दै महिलाको नेतृत्व एवं सिप विकास गरी आत्मनिर्भर बनाउन आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

१८६. वृद्धवृद्धा, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम ल्याइनेछ।

१८७. नगरक्षेत्र भित्रका अभिभावकविहीन बालबालिकाहरुको अवस्थालाई मध्यनजर गर्दै उनीहरुको लागि वैकल्पिक व्यवस्था मिलाउन पहल गरिनेछ । जोखिममा परेका बालबालिकाहरुलाई तत्कालै उद्धार गरी संरक्षकत्व प्रदान गर्न निजगढ नगरपालिकामा बाल संरक्षण केन्द्रको स्थापना गर्न आवश्यक कार्य अघि बढाइनेछ ।

१८८. नगरपालिकाको नीति निर्माण तथा योजना छनौट कार्यमा बाल सहभागितालाई सुनिश्चित गरिनेछ।

१८९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, स्थानीय तह तथा संघसंस्थाहरुसंग मैत्री सम्बन्ध विस्तार गर्ने कार्यलाई निरन्तरता दिई सम्बन्ध स्थापित भैसकेका संघसंस्थाहरुसँगको सहकार्यलाई थप मजबुत बनाइनेछ ।

१९०. कार्यक्रम सञ्चालन गर्दा एकल महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई विशेष प्राथमिकता दिइनेछ । अपांगता भएका व्यक्तिहरुको लागि सहायक सामाग्री वितरण तथा अध्यावधिक सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिक,



सुरथ पुरी
नगर प्रमुख

अपाङ्गता भएका व्यक्ति एवं बालबालिकाहरुसँग सम्बन्धित कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन वडा र नगरस्तरमा संजाल, समन्वय समिति एवं समूहहरु गठन गरी परिचालन गरिनेछ ।

१९१. महामारीका कारण रोजगारी गुमाएका श्रमिक, किसान, असाहाय व्यक्ति, गरीब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम आय आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरीने छ ।

१९२. न्यायिक समितिबाट सम्पादन हुने कार्यको प्रभावकारिता अभिवृद्धिका लागि मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि, समुदायमा आधारित संस्थाहरुलाई अनुशिक्षण, प्रचारप्रसार र संस्थागत सुदृढिकरणमा जोड दिइनेछ ।मेलमिलाप केन्द्रको स्थापना गरी आवश्यक नीति वनाइ संचालनमा ल्याइने छ ।

१९३. नगरपालिकाको वजार क्षेत्रलाई सफा एवं स्वच्छ राख्न व्यवस्थित सार्वजनिक सचालय निर्माण कार्य अघि बढाइनेछ । साथै उक्त संरचनालाई बालमैत्री, लैंगिकमैत्री बनाइनेछ र सोही उपयुक्त स्थानमा स्तनपान कक्ष समेत बनाइनेछ ।

१९४. वालक्लव तथा बालसञ्जालहरुको क्षमता विकास, आवद्धता, नेतृत्व विकासमा विभिन्न कार्यहरु गरिने छ ।

१९५. वालश्रममुक्त स्थानीय तह, बालमैत्री पोषणमैत्री, वातावरणमैत्री र यूवामैत्री स्थानीय तह घोषणा कार्यक्रमलाइ जोड दिइने छ ।

१९६. नगरक्षेत्रभित्र हुन सक्ने सम्भाव्य विपदको आंकलन गरी त्यस्ता विपदलाइ समयमै समाधान गर्न आपतकालिन कार्य सञ्चालन केन्द्रलाइ थप व्यवस्थित गर्दै स्थानीय सरकारको प्रमुख दायित्व मध्ये नगरपालिका क्षेत्र भित्रको विपद व्यवस्थापन कार्यलाई तदरुकताका साथ समाधान गर्न आवश्यक कदम चालिने छ ।

१९७. बकैया, धन्सार, भमरा, भक्तलाल , लाल, बगर, शक्ति खोलाहरुमा पक्की तटबन्धन निर्माण कार्य अघि बढाइनेछ। साथै, सो कार्यका लागि राष्टपति चुरे संरक्षण तथा विकास कार्यालय, लाल वकैया नद्दि नियन्त्रण कार्यालय भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिचाइ डिभिजन कार्यालयसँग सहकार्य र समन्वय गरीने छ ।

१९८. खहरे खोलाहरु नियन्त्रण गर्न समेत उपयुक्त स्थानमा चेक ड्याम निर्माण कार्य अघि बढाइनेछ। साथै, नगरवासीहरुको आवागमन सहजताका लागि श्रोत परिचालन गरी संभाव्य स्थानहरुमा बेलिब्रिज, झोलुंगे लगायतका पुल पुलेसा निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य र समन्वय गरीनेछ ।

१९९. दिगो विकास लक्ष्यको जलवायु परिवर्तन तथा यसका प्रभावहरु विरुद्ध लड्न विभिन्न जनचेतना कार्यक्रम गरिनेछ । त्यस्तै, विपद व्यवस्थापनका लागि सामुदायिक खोज तथा उद्धार (CSAR) तथा प्राथमिक उपचार प्रारम्भिक द्रुत लेखाजोखा (IRA), IRA Training Mobile App तथा कृत्रिम घटना अभ्यासमा क्षमता अभिवृद्धि, Warehouse गठन, प्रमुख प्रकोपहरुको निरन्तर अनुगमन प्रणाली (Real Time Observation System) स्थापना गरिनेछ ।

२००. वर्षायाममा नगरपालिका क्षेत्र भित्र डुबानको समस्यालाई मध्यनजर गर्दै सो समस्या यथोचित रुपमा समाधान गर्न सहज ढंगले पानी निकासीका लागि सवै क्षेत्रहरुमा नाला व्यवस्थित गरिनेछ ।

२०१. **"हाम्रो नगर हाम्रो शान, स्मार्ट सिटि निर्माण हाम्रो अभियान"** भन्ने नारालाई सार्थक वनाउन निजगढ नगरपालिका क्षेत्रभित्र सञ्चालित स्मार्ट सिटिका कार्यक्रमहरुलाई समयमा सञ्चालन गर्न सम्बन्धित निकायसँग पहल गरिने छ ।

२०२. निजगढ नगरपालिका भित्र बस, ई-रिक्सा, अटो आदिको व्यवस्थित पार्किङ गरी संचालनमा ल्याइनेछ।

२०३. नगरपालिका क्षेत्र भित्र प्रक्रियामा रहेको ८, ९ र १० नं. वडा कार्यालय भवनहरु, हिरालाल मार्गको निर्माण कार्यलाई आ.ब. २०८०।०८१ भित्र नै सम्पन्न गरिनेछ। सोका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

२०४. निजगढ नगरपालिका क्षेत्र भित्र शान्ति र सुरक्षालाई चुस्त दुरुस्त बनाउन विभिन्न स्थानमा सिसिटिभी जडान गरिनेछ।

२०५. निजगढ नगरपालिकाको वडाहरुमा निर्माण भईरहेका वहुप्रतिष्ठित सडक निर्माणको योजनालाई निरन्तरता दिईनेछ ।

२०६. पूर्व पश्चिम राजमार्ग अन्तर्गत् बकैया देखि भमरा सडक खण्डमा CCTV सहितको Smart Display Board जडान गर्न आबश्यक कार्य गरिने छ ।

२०७. नेपाल सरकार तथा प्रदेश सरकारबाट संचालन हुने पूर्वाधार विकास कार्यक्रमका लागि आगामी वर्षमा समपुरक कोषको व्यवस्था गरिनेछ ।

२०८. यस नगरपालिकावाट पास गरिने नक्साहरुलाई स्वचालित तथा व्यवस्थित वनाउन नक्सा पास प्रक्रियालाई अनलाईन सेवामा आवद्ध गरिने छ ।

२०९. नक्सा पास सम्वन्धमा जनचेतना जगाई कुनै पनि घर, टहरा नक्सा पास गरेर मात्र बनाउने अवस्थाको सिर्जना गरिने छ ।

२१०. नगरक्षेत्रभित्र भवन,आवास, पूर्वाधार निर्माण गर्दा नक्सापास प्रक्रियालाइ भवन निर्माण आचार संहिता अनुसार गरिने छ ।

२११. निजगढ नगरपालिकाबाट उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्यान्वयन हुने सबै योजनाहरुमा कुल लागत अनुमानको २० प्रतिशत उपभोक्ता समितिको योगदान र नगरपालिकाको ८० प्रतिशत हुने गरि लागत साझेदारीमा गरिने कार्यलाई निरन्तरता दिइने छ । तर, उपभोक्ता समितिले काम गर्ने क्रममा कुनै सामान खरिद गरि कार्य गर्नु परेको खण्डमा सो खरिदको अवस्थामा यसलाई अनिवार्य गरिने छैन ।

२१२. वजार क्षेत्रमा भएका नालालाई व्यवस्थित गर्न ढकनको व्यवस्था गरिनेछ ।

२१३. निजगढ नगरपालिकासँग जोडिएका अन्तरप्रदेशीय सडक मधेश प्रदेश र वाग्मती प्रदेश जोडिने विभिन्न हुलाकी तथा अन्तरप्रदेशीय सडकहरु निर्माणको लागि आवश्यक पहल गरिने छ ।

२१४. निजगढ नगरपालिकाको रिङ्गरोड तथा अन्तरप्रदेश जोड्ने सडक निर्माण कार्यलाई अगाडि वढाउन सम्बन्धित मंत्रालयसँग पहल गरिने छ ।

२१५. निजगढ नगरपालिका क्षेत्रभित्रको भाषा साहित्य कला तथा संस्कृतिको संरक्षण संवर्द्धन र विकास गर्न **भाषा,साहित्य,कला तथा संस्कृति प्रतिष्ठानको** स्थापना गरिने छ ।

२१६. निजगढ नगरपालिका क्षेत्रभित्र रहेका पर्व,भाषा,परम्परा तथा सस्कृति मेलाको संरक्षण एवं प्रवर्द्धन गरिने छ ।

२१७. निजगढ नगरपालिका क्षेत्र भित्र रहेका मन्दिर, गुम्बा, मस्जिद जस्ता धार्मिक स्थलहरुको संरक्षण र प्रबर्द्धन गर्ने नीति लिइएको छ।

२१८. निजगढ नगरपालिकाको मुख्य स्थानहरुमा तामाङ्ग समुदायको भेषभुषा, भाषा ,कला तथा सस्कृति झल्किने गरी तामाङ्ग कला घर (Tamang Cultural House) को निर्माण गरी संरक्षणको कार्यलाइ अगाडि वढाइने छ ।साथै सो को निर्माणको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ ।

२१९. बौद्ध तथा जनजाति समूहहरुको उत्थानको लागि नगरका उपयुक्त स्थानमा संग्रहालय स्थापनाका लागि थप पहल गरिनेछ ।

२२०. निजगढमा साहित्यको विकास र प्रवर्द्धनका लागि **"उपप्रमुख नगरस्तरीय खुला कविता प्रतियोगिता"** कार्यक्रम सञ्चालन गरिने छ ।

२२१. नगरपालिका क्षेत्र भित्रबाट निस्कने फोहरहरुलाई श्रोतमा नै वर्गीकरण गरी नकुहिने फोहरबाट जैविक मल तयार गर्न "फोहोरबाट मोहोर कार्यक्रम" संचालन गरिनेछ।

२२२. स्वच्छ वातावरण, स्वस्थ जीवनलाई साकार पार्ने वायु प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, फोहोर पानी व्यवस्थापन, खुल्ला स्थान , हरियाली व्यवस्थापन र ऊर्जा तथा जलवायु परिवर्तन सम्बन्धी एकिकृत कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

२२३. सफा, हरियाली, फूलैफूलको सहर भन्ने नारालाई सार्थक बनाउन शहरी क्षेत्रमा हरियाली प्रबर्द्धन कार्यलाई थप प्रभावकारी बनाइनेछ । सडक स्तरोन्नति (पिच, कंक्रिट ढलान) को योजनामा सडकका दायाबायां किनारामा वृक्षारोपण गर्ने कार्यलाई योजनाको लागत अनुमानमा नै समाबेश गरी सम्बन्धित उपभोक्ताहरुलाई सोको संरक्षणमा जिम्मेवार बनाइनेछ ।

२२४. नगर भित्रको अन्तिम फोहर विसर्जन केन्द्रको उचित व्यवस्थापन गरिनेछ । अन्तिम फोहोर विसर्जन केन्द्रलाई पार्कको रुपमा विकसित गरिनेछ । यस नगरपालिकाको उपयुक्त स्थानमा ल्याण्डफिल साइट निर्माण गरिनेछ ।

नगर सभाका सम्माननीय अध्यक्ष महोदय,

नगरसभाका आदरणीय सदस्य ज्यूहरु ,

२२५. निजगढ नगरपालिका र नेपालका विभिन्न स्थानीय तहहरु बीच सफल अभ्यासको सिकाई साटासाट गर्न जनप्रतिनीधि र कर्मचारीहरु बीच सुमधुर सम्बन्धको विकास गर्दै ज्ञान सीप र अनुभव साटासाट लगायत विकासका कार्यक्रमहरुमा साझेदारी गर्न भगिनी सम्वन्ध कायम गर्ने कार्यको थालनी स्वरुप काठमाण्डौ महानगरपालिकासँग सम्बन्ध विस्तारका लागि प्रक्रिया अघि वढाईने छ ।

२२६. निजगढ नगरपालिकामा सबै किसिमका विभेदमुक्त समाज निर्माणको अभियान सञ्चालन गरीनेछ ।

२२७. पालिकास्तरमा जातिगत छुवाछुत अनुगमन समिति गठन गरिने छ ।

२२८. दलित स्वरोजगार र दलित परम्परागत पेशालाई आधुनिकिकरण गर्दै उद्यमशीलतामा जोड दिईने छ ।

२२९. निजगढमा पालिकालाइ सडकमानव मुक्त नगर वनाउन निजगढ नगरपालिका वडा नं ४ मा अवस्थित मानव कल्याण समाज घर निर्माण एवं संचालनका लागि प्रोत्साहित गरिने छ ।

२३०. सार्वजनिक खर्चलाई मितव्ययीता कायम गर्न धार्मिक,सास्कृतिक र जातीय परम्परामा आधारित भई सञ्चालित कार्यक्रममा बाहेक अन्य कुनैपनि नगरको सार्वजनिक

कार्यक्रममा ब्याच र खादाको प्रयोग नगरिने गत वर्षदेखि लागु भएको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२३१. स्थानीय संचार माध्यमहरुलाई सूचनाको साथिको रुपमा अंगिकार गरिनेछ। साथै, स्थानीय संचार माध्यको सुदृढीकरण र संचारकर्मीहरुको पेशागत विकासमा जोड दिन आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

२३२. निजगढ नगरपालिकामा औद्योगिक क्षेत्रको विकासका लागि नेपाल सरकारबाट औद्योगिक ग्राम स्थापनाका लागि विशेष पहल गरिनेछ । साथै, निजगढ नगरपालिकामा औद्योगिक विकास गरी रोजगारी सृजना गर्न आगामी आ.व. भित्र लगानी सम्मेलन गर्नुका साथै सार्वजनिक निजी साझेदारी अवधारणालाई मूर्तरुपमा कार्यान्वयन गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।

२३३. निजगढ नगरपालिकाको योजनाबद्ध तथा व्यवस्थित विकासका लागि भएको आवधिक योजना तर्जुमा मध्यकालिन खर्च संरचनालाइ पूर्णता दिइ कार्यान्वयनमा ल्याइने छ । सोको लागि विज्ञहरु रहने गरी योजना तर्जुमा सम्बन्धी नगर स्तरीय उपयुक्त संयन्त्रको गठन गरिनेछ ।

२३४. सरोकारवालाहरुको समेत सहभागितामा बजार व्यवस्थापन र अनुगमनलाई थप प्रभावकारी र नियमित बनाइनेछ । खाद्य वस्तुको गुणस्तर परिक्षण गर्न खाद्य प्रयोगशालाको स्थापनाको लागि प्रक्रिया अगाडि बढाइने छ ।

२३५. निजगढ नगरपालिकामा संचालित हाटबजारहरुलाई व्यवस्थित गरी संचालनमा ल्याइनेछ।

२३६. महिला हकहित र शसक्तिकरणको लागि सबै वडा तहमा वडा महिला संजाल गठन गर्न आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

२३७. नगर भित्रको सडक क्षेत्रमा परेका, पोल सार्न आवश्यक भएका स्थानहरुको विद्युत पोलहरु स्थानान्तरण गर्न र सोलाइ यथोचित व्यवस्थापन गर्न वडाहरुबाट स्टेटमेन्ट संकलन गरी सो कार्यलाइ क्रमश प्रकृयागत रुपमा अगाडि बढाइने छ ।

२३८. नगर विकासको गौरव योजनालाइ सञ्चालनको लागि नगरविकास कोषको ३० अनुदान प्रतिशत र नगरको ७० प्रतिशत लागतको अवधारणा अनुसार कार्यक्रम साझेदारीताको मोडलमा सञ्चालनको लागि प्रकृया अगाडि बढाइने छ ।

२३९. निजगढ नगरपालिकाको विषयगत समितिले सम्पादन गर्ने काम कारवाहिमा नीतिगत रुपमा पर्ने जटिलताहरुलाइ सहज बनाइ काम कारवाहि गर्न आवश्यकता अनुसार विषयविज्ञको व्यवस्था गरिने छ ।

२४०. नगरसभा गृह, व्यवसायिक भवन, बसपार्क, रिफ्रेस सेन्टर, प्राकृतिक चिकित्सालय लगायतका निर्माण कार्यलाइ अगाडि बढाउनको लागि संघ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिने छ ।

२४१. निजगढ नगरंपालिकाभित्र रहेका आर्यघाट तथा शवदाहस्थलको व्यवस्थापनको लागि आवश्यक कार्य गरिने छ ।

२४२. निजगढ नगरपालिकाभित्र स्थापना भएका विभिन्न सामुदायिक भवनको संरक्षाण, सम्वर्द्धन र प्रवर्द्धनका लागि आवश्यक कार्य गरिने छ ।

२४३. नदि उकास तथा ऐलानी, प्रति जग्गा नगरपालिकाको नाममा अभिलेखिकरण गर्न आवश्यक प्रकृया अगाडि वढाइने छ ।

२४४. निजगढ नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा तला थप गर्न सम्वन्धित निकायमा पहल गर्ने कार्यलाइ तदरुकताका साथ अगाडि वढाइने छ ।

२४५. दलित तथा अति विपन्न नागरिक आवास कार्यक्रम सञ्चालनको लागि आवश्यक कार्य गरिने छ ।

धन्यवाद ।

नगरसभाका आदरणीय अध्यक्ष महोदय,

१. आगामी आर्थिक वर्षको लागि क्षेत्रगत बजेट विनियोजन निम्नानुसार प्रस्तुत गरिएको छ।

निजगढ नगरपालिकाको आगामि आव २०८०/८१ को लागि कुल अनुमानित वजेट रु . एकासी करोड पन्ध्र लाख छयासी हजार रहेको छ। अव कुल वजेटको विषयगत क्षेत्रमा विनियोजन गरीएको वजेटलाइ यस सभा समक्ष पेश गर्न चाहन्छु।

पूर्वाधार विकास तर्फ:

२. नगरपालिका क्षेत्रभित्र संचालन हुने पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गर्न कुल रु ३० करोड ८४ लाख ८६ हजार विनियोजन गरेको छु।

आर्थिक विकास तर्फ:

आर्थिक विकासका योजना र कार्यक्रमहरु संचालन र व्यवस्थापन गर्न कुल ४ करोड ४० लाख ३७ हजार विनियोजन गरेको छू।

सामाजिक विकास तर्फ:

३. सामाजिक विकास सँग सम्वन्धित योजना तथा कार्यक्रम संचालन गर्न ३१ करोड ३९ लाख २ हजार विनियोजन गरेको छु।

वातावरण तथा विपद् व्यवस्थापन तर्फ:

४. वातावरणीय स्वच्छता हरीयाली प्रवर्द्धन र विपद व्यवस्थापन गर्न कुल १ करोड १० लाख ९ हजार विनियोजन गरेको छु।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ:

संस्थागत सुधार, संस्थागत विकास र सेवा प्रवाहलाइ चुस्त, दुरुस्त र व्यवस्थित वनाउदै लगिने छ। सो का लागि रु १३ करोड ४१ लाख ५२ हजार विनियोजन गरेको छू।

नगर सभाका आदरणीय अध्यक्ष महोदय,

५. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि नीति, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न कुल जम्मा रु.८११५८६०००.विनियोजन गरिएको छ ।

७. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये संघीय समानीकरणवाट रु ११,७९,००,००० संघीय सरकार शशर्त वाट रु २६,२२,००,००० आन्तरिक स्रोतबाट रु. २५,००,००,००० संघीय राजस्व बाँडफाँडबाट ११,६४,८६,००० प्रदेश सरकारको समानीकरण अनुदानबाट १,५०,००,०००, प्रदेश सरकारको राजश्व बाडफाडवाट ५,००,००,००० अनुमान गरिएको छ ।

८. यस नगरपालिकालाई नगर सभा पश्चात् सङ्घीय तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम, प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम लगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकाले आगामी आर्थिक वर्षमा ती कार्यक्रमहरुको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउँदछौ ।

नगर सभाका आदरणीय अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

९. यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को विनियोजन सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८० तथा अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८० यस सम्मानित सभामा पेश गरेको छु ।

१०. हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समूहहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धन मार्फत् स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएका छौं ।

११. प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने यस नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजक तथा सदस्यहरु, वडा अध्यक्षहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजिवी, सञ्चार जगत तथा सम्पूर्ण नगरवासीहरुलाई निजगढ नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछौ ।

धन्यवाद ।

**प्रमाणीकरण गर्ने :-**

सही :

नाम :सुरथ पुरी

पद: नगर प्रमुख

मिति: २०८०/०३/२२